# NTTV बारेमा बारम्बार सोधिने प्रश्न र तिनका उत्तरहरुः

**NTTV भनेको के हो?**

नेपाल टेलिकमले ग्राहकहरुलाई इन्टरनेट सेवा प्रदान गर्न तयार गरेको फाइबर नेटवर्क (FTTH) बाट गुणस्तरीय टेलिभिजन च्यानलहरु समेत हेर्न सकिने सेवा NTTV हो ।

**यो सेवा कहाँ उपलब्ध हुन्छ ?**

नेपाल टेलिकमको फाइबर इन्टरनेट (FTTH) नेटवर्क उपलब्ध भएका स्थानहरुमा यो सेवा उपलब्ध हुन्छ । तर Microwave Transmission Link मार्फत FTTH सेवा पुऱ्याइएका स्थानमा भने Bandwidth Limitation को कारणले गर्दा NTTV सेवा उपलब्ध हुँदैन । सुविधा लिन चाहेको क्षेत्रको नजिकको दूरसञ्चार कार्यालयमा सम्पर्क गरेर वा ग्राहक सेवा केन्द्रको टेलिफोन नं १९८ मा निःशूल्क कल गरेर सेवा उपलब्धताको बारेमा बुझ्न र सेवा जडान तथा मर्मत समेत गर्न सकिन्छ ।

**अन्य केबुल टेलिभिजन तथा DTH भन्दा NTTV मा के फरक छ?**

NTTV मा एउटै फाइबार तारबाट इन्टरनेट, टेलिभिजन र ल्याण्डलाइन टेलिफोन चलाउन सकिन्छ । डिजिटल IP प्रबिधिमा आधारित सेवा भएकोले ग्राहकहरुले गुणस्तरीय सेवाको अनुभव गर्न सक्नुहुनेछ ।

**NTTV लिन घरमा ल्याण्डलाइन टेलिफोन भएको हुनुपर्छ?**

पर्दैन । FTTH इन्टरनेट लिएको लाइनबाटै टेलिभिजन चलाउन सकिन्छ र ग्राहकले चाहेमा सोही लाइनबाट इन्टरनेट, टेलिभिजन र टेलिफोन तीनवटै सेवा चलाउन सक्नुहुन्छ ।

**NT Fiber मा इन्टरनेट वा टेलिफोन सुविधा नलिई NTTV मात्र जडान गर्न सकिन्छ?**

NT Fiber मा हाल Internet + NTTV + Free Telephone, NTTV + Free Telephone, Internet + Free telephone, Internet Only / Telephone Only प्याकेजहरु उपलब्ध छन् । NTTV मात्रको प्याकेज उपलब्ध छैन ।

**NTTV लिनको लागि के के कागजात चाहिन्छ?**

नेपाल टेलिकमको FTTH सेवा प्रयोग गरिरहनु भएका ग्राहकहरुले थप कागजात पेश गर्नु पर्दैन, नजिकको दूरसञ्चार कार्यालयमा गई आवश्यक रकम भुक्तानी गरेर NTTV सेवा सकृय गर्न सक्नुहुन्छ । नयाँ ग्राहकहरुले नेपाल टेलिकमको वेवसाईटमा वा नजिकको दूरसञ्चार कार्यालयमा उपलब्ध हुने ग्राहकआवेदन फाराम रीतपूर्वक भरी सो को साथमा नेपाली नागरिकताको फोटोकपी र एक प्रति फोटो संलग्न गर्नु पर्दछ । अथवा नेपाल टेलिकमको ग्राहक सेवा केन्द्रको टेलिफोन नं १९८ मा निःशूल्क कल गरेर सेवा जडान तथा मर्मत गर्न सकिन्छ ।

**आवेदन फारम पेश गरेको कति समयमा NTTV जडान हुन्छ?**

प्राविधिक रुपमा सम्भव भएको ठाउँमा जडानको लागि कागजात पेश गरी रकम भुक्तानी हुनासाथ एकै दिनमा सेवा जडान गर्न सकिन्छ ।

**यो सेवा जडान गर्न तथा आवश्यकता बमोजिमका प्याकेजहरु खरिद गर्न के कति खर्च लाग्दछ?**
सेवा जडान तथा उपलब्ध प्याकेजहरुको मूल्य वारेमा विस्तृत जानकारी https://www.ntc.net.np/tariff/ftth-tariff बाट लिन सकिन्छ ।

**बेसिक तथा प्रिमियम प्याकेजहरुमा उपलब्ध हुने च्यानलहरुको विस्तृत विवरण कसरी थाहा पाउन सकिन्छ ?**
बेसिक तथा प्रिमियम प्याकेजहरुमा उपलब्ध हुने च्यानलहरुको विस्तृत विवरण https://www.ntc.net.np/services/nttv बाट लिन सकिन्छ ।

**NTTV सेवा उपयोगका लागि चाहिने उपकरण वा सामानहरु कहाँबाट पाउन सकिन्छ?**
नयाँ ग्राहकहरुका लागि FTTH राउटर र सेटअप बक्स आवश्यक पर्छ । पुराना FTTH ग्राहकहरुको घरमा पहिले नै FTTH राउटर हुने हुँदा सेटअप बक्स मात्र थप गर्नुपर्ने हुन्छ । उल्लिखित सामानहरु नेपाल टेलिकममा नै उपलब्ध हुन्छ । तर टेलिभिजन सेट, पावर केबल आदि नेपाल टेलिकमबाट उपलब्ध हुँदैन, ग्राहकले नै ब्यबस्था गर्नुपर्छ ।

**एउटा कनेक्सनबाट कतिवटा टेलिभिजन सेट चलाउन सकिन्छ?**
घरमा चलाउने टिभिको संख्या अनुसारको प्याकेज लिई एउटा कनेक्सनबाट बढीमा तीन वटा सम्म टेलिभिजन चलाउन सकिन्छ ।

**पहिल्यै देखि FTTH Internet सेवा लिईरहेका ग्राहकले NTTV सेवा लिन कति शुल्क लाग्छ?**
पहिल्यै देखि घरमा FTTH मार्फत इन्टरनेट वा ल्यान्डलाईन सेवा लिईरहेका ग्राहकहरुले जडान शुल्क, FTTH Router को शुल्क तिर्नुपर्दैन भने NTTV को लागि आवश्यक पर्ने Set Top Box को शुल्क तिर्नुपर्दछ । यसैगरी NTTV सहितको प्याकेजको लागि लाग्ने शुल्कमा पहिले लिइरहेको इन्टरनेट प्याकेजको बाँकी रहेको रकम समायोजन गरी नपुग रकम मात्र भुक्तानी गरी नयाँ NTTV सहितको प्याकेज एक्टिभ गर्न सकिन्छ ।

**सेवा जडान पछिको नियमित महशुल कसरी भुक्तानी गर्न सकिन्छ?**
नजिकको नेपाल टेलिकमको काउन्टरमा गएर वा बजारमा उपलब्ध नेपाल टेलिकमको रिचार्ज कार्डबाट वा विभिन्न विद्युतीय माध्यम प्रयोग गरी घरैबाट पनि महशुल भुक्तानी गर्न सकिन्छ ।

**FTTH इन्टरनेट, ल्याण्डलाइन र NTTV तीनवटै सेवा लिएको छ भने एकमूष्ट भुक्तानी गर्नुपर्छ कि अलग अलग गर्न सकिन्छ?**
आफूले लिएको प्याकेजको महशुल भुक्तानी एकमुष्ट गर्नुपर्छ ।

**NTTV सेवाको गुणस्तरमा ढुक्क हुने आधार के छ?**

यो सेवा अत्याधुनिक फाइबर प्रबिधिमा आधारित सेवा भएकोले सेवाको गुणस्तर राम्रो रहन्छ । स्याटेलाइट मार्फत आउने टेलिभिजन सिग्नलमा जस्तो मौसममा हुने गडबढीको असर NTTV मा रहँदैन । सेवामा आउने सामान्य समस्याहरु कार्यालयबाटै समाधान गर्न सकिने भएकोले फिल्डमै खटिएर मर्मत सम्भार गर्नुपर्ने अवस्था न्यून रहन्छ ।

**सेवा सम्वन्धी कुनै जानकारी, गुनासो वा समस्या भएमा कहाँ सम्पर्क गर्न सकिन्छ?**

सेवा सम्बन्धि थप जानकारी वा गुनासो वा समस्याको लागि नजिकको दूरसञ्चार कार्यालय वा ग्राहक सेवा केन्द्रको टेलिफोन नं. १९८ मा सम्पर्क गर्न सकिन्छ ।